## मिति २०७९।११।१५ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०७९/०८० को एघारौ नगर कार्यपालिका बैठकको निर्णयहरु:

**निर्णय नं.१** नगर विपद् व्यवस्थापन समितिको मिति २०७९।०९।०८ को निर्णय तथा नगर कार्यपालिकाको मिति २०७९।०९।१४ र मिति २०७९।१०।२० को निर्णयानुसार हाल गैंडाकोट नगरपालिकाको वडा नं. ७ को क्षेत्रमा भईरहेको घाटगद्दी कार्य नदिजन्य पदार्थको दुरुपयोग रोक्न र अनियन्त्रित उत्खनन् रोक्न प्रभावकारी भएको पाईएकोले हाल भई भएको सम्झौता अनुसारको दररेटमा वडा नं. ७ को खलेचौर र वडा नं. ६ को बोटेटोल बगर क्षेत्रबाट ११८५०० घन मिटर नदिजन्य पदार्थ उत्खनन गरी घाट गद्दी गर्ने गरी ९७.५ प्रतिशत लागत तथा परिमाण भेरियसन आदेश स्वीकृत गर्ने निर्णय गरियो । यसरी उल्लेखित परिमाणको नदिजन्य पदार्थ घाटगद्दी गर्दा पूर्व निर्णयानुसार विपद् व्यवस्थापन कोषमा रकम अपुग हुने भएमा नदिजन्य पदार्थ विक्रि पश्चात पछि सोधभर्ना हुने गरी आन्तरिक श्रोत तर्फबाट विनियोजित “स्टोर ब्लक निर्माण नगरपालिका परिसर” शिर्षकबाट खर्च लेखी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.२** नारायगढ बुटवल सडक निर्माणको लागि सम्बन्धित आयोजनाबाट माग भए बमोजिमको नदिजन्य पदार्थ प्रदेश सरकारबाट तोकिए बमोजिमको प्रतिघन फुट रु. ७ रोयल्टी र नगरको तर्फबाट प्रति घनफुट रु. १ पर्यावरण शुल्ल लिई वडा नं. ७ को मुरलीटार क्षेत्रबाट स्वीकृत प्रारम्भिक वातारणीय अध्ययन प्रतिवेदनमा उल्लेखित परिमाणको हदसम्म उपलब्ध गराउने र यसरी उक्त आयोजनालाई नदिजन्य पदार्थ उपलब्ध गराउदाका शर्त तथा भुक्तानी तालिका कार्यालयले सम्बन्धित पक्षसँग वार्ता गरी तय गरी सम्झौता गर्न अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं.३** गैंडाकोट नगर कार्यपालिकाको मिति २०७९।११।०४ को निर्णयानुसार गैंडाकोट नगरपालिका वडा नं. ६ मा निर्माण गर्न लागिएको फोहोरमैलाको बैज्ञानिक र आधुनिक प्रशोधन केन्द्र सहितको पार्क तथा अध्ययन केन्द्र स्थापनाको लागि विस्तृत आयोजना प्रतिवेदन र प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने र सो को लागि तपशिल बमोजिमको नर्म्स तथा जनशक्तिको मिश्रण स्वीकृत गर्ने र यसको लागि लाग्ने खर्च नगरपालिकाको आन्तरीक श्रोतबाट विनियोजन गर्ने निर्णय गरियो ।

१. प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारीको लागि

| S.N | Professional/ Supporting Staff | unit | Desk Stuy | Travel | Field Work | Report Preparation | Total |
|---|---|---|---|---|---|---|---|
| **A** | **Key Staff** | | | | | | |
| 1. | Team Leader (Environmentalist / Ecologist) | Day | 5 | 3 | 3 | 15 | 26 |
| 2. | Solid Waste Management expert | Day | 4 | 4 | 2 | 7 | 17 |
| 3. | Geologist / Geo-Tech Engineer/ Hydrologist/Civil Engineer | Day | 3 | 1 | 4 | 4 | 12 |
| 4. | Socioeconomic Analysist | Day | 3 | 1 | 2 | 4 | 10 |
| 5. | Sociologist | Day | 1 | 1 | 2 | 4 | 8 |
| **B.** | **Supporting Staff** | | | | | | |
| 1 | Computer Operator | Day | 3 | | | 4 | 7 |
| 2. | Surveyor/Data Collector | Day | | | 12 | 4 | 16 |

मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

नवल भक्त अधिकारी
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 3. | Support staff/Helper/ Field assistants | Day | 2 | | 12 | 2 | 16 |

२लागि बिस्तृत योजना प्रतिबेदन प्रस्ताब आब्हन सम्बन्धि कागजात तयारीको .

| S.N | Professional/ Supporting Staff | unit | Desk Stuy | Travel | Field Work | Report Preparation | Total |
|---|---|---|---|---|---|---|---|
| **A** | **Key Staff** | | | | | | |
| 1. | Team Leader/Co-coordinator) | Day | 10 | 4 | 6 | 20 | 40 |
| 2. | Senior Architect | Day | 8 | 2 | 10 | 10 | 30 |
| 3. | Electrical Engineer/ HVAC | Day | 4 | 2 | 4 | 10 | 20 |
| 4. | Sanitary Engineer | Day | 4 | 2 | 4 | 10 | 20 |
| 5. | Socio-economist | Day | 4 | 2 | 4 | 10 | 20 |
| 6 | Structure Engineer | Day | 4 | 2 | 4 | 10 | 20 |
| 7 | Mechanical engineer | Day | 2 | 2 | 4 | 2 | 10 |
| **B.** | **Supporting Staff** | | | | | | |
| 1 | Computer Operator | Day | | | | 30 | 30 |
| 2. | Surveyor/Data Collector | Day | | | 16 | | 16 |
| 3. | Support staff/Helper/ Field assistants | Day | 4 | 6 | 15 | 5 | 30 |

- यातायात खर्च-१०% जम्मा जनशक्तिको
- तथ्यांक संकलन तथा प्रतिबेदन तयारीको लागि यन्त्र उपकरणको खर्च- ५% जम्मा जनशक्तिको
- कार्यशाला गोष्ठी, अन्य सामग्री-१४% जम्मा जनशक्तिको
- टोलि प्रमुखको योग्यता,सम्बन्धित बिषयमा स्नाकोत्तर गरि ५ वर्षको अनुभव प्राप्त

➢ Consultant's basic salary per day (generally considered as 2.7 times the salary of quivalent GoN, official)

**निर्णय न. ४** गैंडाकोट नगरपालिकाको स्वामित्वमा रहेको सवारी साधन नं. बा १ झ ३४०४ को स्कारपियोको Full ईन्जिन सर्भिसिङ गर्नु पर्ने भई सो सम्बन्धित काम सम्पन्न भई सकेकोले प्राप्त बील बमोजिमको रु. ४,०७,५९१/- भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय न. ५** गैंडाकोट नगरपालिका वडा नं. ७ को मिति २०७९।११।१२ को निर्णयानुसार सिफारिस भई आए बमोजिम रवि कँडेलको घरबाट नारायणी पब्लिक पार्क चोक (खर्च शिर्षक नं. ३११५९) को योजनाका लागि विनियोजन भएको रु ५ लाख रकमबाट सोही वडाको बाटो ग्राबेल गर्ने शिर्षकमा योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख